# मैवाखोला गाउँपालिका

# गाउँकार्यपालिकाको कार्यालय

## साघु, ताप्लेजुङ

पत्र संख्या : ०७५/०७६
चलानी नं : ३३५

मिति : २०७५/०९/०२

**बिषय : जानकारी सम्बन्धमा ।**

**श्री जिल्ला हुलाक कार्यालय**
**ताप्लेजुङ ।**

उपर्युक्त विषयमा ताहाको च न १६९ मिति २०७५।०७।२६ को सूचनाको हक सम्बन्धीको पत्र प्राप्त भइ ब्यहोरा अवगत भयो, सो सम्बन्धमा यस गाउपालिकाले सूचनाको हक सम्बन्धी चालु आ व को पहिलो त्रैमासिक (श्रावण-असोज) मा स्वत प्रकाशन गर्नु पर्ने विवरण मिति २०७५।०७।१५ गते प्रकाशन गरेको हुदा सो विवरण पाना ५ संलग्न गरी यसैसाथ पठाइएको ब्यहोरा अनुरोध गरिन्छ । साथै यस गाउँकार्यपालिकाको सूचना अधिकारीको विवरण निम्न बमोजिम रहेको ब्यहोरा समेत जानकारिको लागि अनुरोध गरिन्छ

**तपसिल**

सूचना अधिकारीको
नाम : श्री मदन तिवारी
पद : सूचना प्रबिधी अधिकृत
मोबाइल नं ९८४९९९१८११
मेल ठेगाना ito.maiwakholamun@gmail.com

गणेश अधिकारी
प्रमुख प्रशासकीय अधिकृत

# मैवाखोला गाउँपालिका स्वत: प्रकाशन

## पहिलो त्रैमासिक

<u>साउन, भदौ र असोज</u>

१. <u>गाउँपालिकाको स्वरुप र प्रकृति</u>:

ताप्लेजुङ जिल्लाको पूर्वमा आठराई त्रिवेणी गाउँपालिका, पश्चिममा संखुवासभा जिल्लाको पञ्चखपन नगरपालिका र चैनपुर नगरपालिका, उत्तरपुर्वमा ताप्लेजुङ जिल्लाकै मिरिङदेन गाउँपालिका र दक्षिणमा तेह्रथुम जिल्लाको मेन्छयायाम गाउँपालिका चार किल्ला वीच अवस्थित साबिक तीन वटा गा.वि.स.हरू (ढुङ्गेसाँघु, साँघु र फाकुम्बा) गाभिई बनेको यस मैवाखोला गाउपालिकामा ६ वडाहरु रहेका छन् ।

राजनीतिक विभाजनको हिसाबले ताप्लेजुङ जिल्लाको एक मात्र संघीय निर्वाचन क्षेत्र भित्र समेटिएको यो गाउपालिका प्रदेश निर्वाचन क्षेत्र "ख" अन्तर्गत यो गाउँपालिका पर्दछ । वर्तमान नेपालको संविधानमा व्यवस्था भए बमोजिम यो गाउपालिका पनि एक स्थानीय तह जसको संचालन निर्वाचित जन प्रतिनिधिहरुबाट भइरहेको छ । गाउँपालिकाको दैनिक कार्य तथा जिम्मेवारीहरु संविधानको अनुसूचीहरुमा उल्लेख भएका हक अधिकारहरु स्थानीय सरकार संचालन ऐन, २०७४ बाट व्यवस्थित र संचालित छ। संघ र प्रदेश सरकारसंग यसको सम्वन्ध, सहअस्तित्व, समन्वय र सहकारीताको सिद्धान्तबाट निर्देशित र व्यवस्थित छ । व्यवस्थापिकाको रुपमा गाउँसभा, न्यायपालिकाको रुपमा न्यायिक समिति र कार्यपालिकाको रुपमा गाउँकार्यपालिका जस्ता संरचनाहरु मार्फत यसले स्थानीय सरकारको रुपमा अभ्यास गरिरहेको छ । १३८ वर्गकिलोमिटर क्षेत्रफल रहेको यस गाउपालिकामा २०६८ सालको जनगणना अनुसार २१९४ घरधुरी र पुरुष ५१९४ र महिला ५८४३ गरी जम्मा ११०३७ जनसङख्या रहेको छ ।

<u>काम, कर्तव्य र अधिकार</u>:

गाउँपालिकाको काम, कर्तव्य र अधिकार संविधानले नै व्यवस्थित गरेको छ । अनुसूची ८ मा एकल अधिकारको र अनुसूची ९ मा तीनै तहको साझा अधिकारको सूची लिपिबद्ध छ। एकल अधिकारको सूचीमा समाविष्ट २२ वटा कार्यहरु आफैले कानून बनाएर सम्पादन गर्न सक्ने र साझा अधिकारको सूचीमा रहेको १५ वटा कार्यहरु संघ, प्रदेश र स्थानीय तहले आपसी समन्वयमा नवाझिने गरी कानून बनाई सम्पादन गर्न सक्ने व्यवस्था छ। हाल स्थानीय सरकार संचालन ऐन, २०७४ ले गाउँपालिकाको कार्य सम्पादन तथा व्यवस्थापन लाई दिशानिर्देश गरेको छ ।

२. <u>कर्मचारी र कार्यविवरण</u>:

गाउँपालिकाको नयाँ संरचना अनुसार संघीय सरकारले तयार गरेको अस्थायी स्वीकृत दरवन्दि अनुसार हाल निम्नानुसारको दरवन्दीमा निम्न बमोजिम कर्मचारीहरु मार्फत सेवाप्रवाहको भई रहेको छ ।

१. प्रमुख प्रशासकीय अधिकृत (समग्र प्रशासन, स्थानीय सरकार संचालन ऐनले नै कार्यविवरण तोकेको)
२. लेखा शाखा (आर्थिक प्रशासनका कार्यहरु)
३. इन्जिनियर (पूर्वाधार विकस तथा वातावरण व्यवस्थापन शाखा)
४. सव-इन्जिनियर (प्राविधिक शाखाका कार्यहरु, ल.ई. तयार, स्वीकृत, अनुगमन तथा सुपरीवेक्षण)
५. शिक्षा शाखा मदन तिवारी
६. महिला विकास शाखा लिला लावती

३. प्रदान गरिने सेवा:

सेवा प्रवाह दुई तहबाट हुने व्यवस्था रहेको

| **गाउँपालिका तहबाट हुने मुख्य सेवाप्रवाह** | **वडा तहबाट हुने सेवा प्रवाह** |
|---|---|
| सहकारी संस्था सम्बन्धी | वडाभित्रका योजना, कार्यान्वयन तथा अनुगमन |
| स्थानीय कर सेवा शुल्क तथा दस्तुर | तथ्याङ्क अद्यावधिक तथा संरक्षण |
| स्थानीय सेवाको व्यवस्थापन | विकास कार्य |
| स्थानीय तथ्थाङ्क र अभिलेख सङ्कलन | नियमन कार्य |
| स्थानीय स्तरमाका विकास आयोजना | सिफारिश तथा प्रमाणित गर्ने |
| आधारभूत तथा माध्यमिक शिक्षा | |
| आधारभूत स्वास्थ्य र सरसफाई | |
| स्थानीय वजार व्यवस्थापन, वातावरण संरक्षण र जैविक विविधता | |
| स्थानीय सडक,ग्रामीण सडक, कृषि सडक सिँचाई | |
| मेलमिलाप र मध्यस्थताको व्यवस्थापन | |
| स्थानीय अधिलेख व्यवस्थापन | |
| कृषि तथा पशुपालन, कृषि उत्पादन व्यवसथापन, पशु स्वास्थ्य | |
| जेष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापन | |
| खानेपानी, साना जलविद्युत आयोजना, वैकल्पिक उर्जा | |
| विपद् व्यवस्थापन | |
| जलाधार, वन्यजन्तु, खानी तथा खनिज पदार्थको संरक्षण | |
| भाषा, संस्कृति र लिलितकलाको संरक्षण र विकास | |

४. सेवा प्रदान गर्ने शाखा र जिम्मेवारी अधिकारी:

| शाखा | जिम्मेवारी कर्मचारी | कैफियत |
|---|---|---|
| कार्यालयको समग्र नेतृत्व | प्रमुख प्रशासकीय अ. गणेश अधिकारी | |
| प्रशासन इकाई | ना.सु. दुर्गा वहादुर पन्दाक | |
| आर्थिक प्रशासन इकाई | सह-लेखापाल विनोद कुमार मंडल | |
| राजश्व इकाई | ना.सु. प्रदिप न्यौपाने | |
| योजना तथा अनुगमन इकाई | क.अ. तम कुमार माडदेन | |
| कानूनी मामिला इकाई | ना.सु. डिमा छिरिङ शेर्पा | |
| पूर्वाधार विकास तथा वातावरण व्यवस्थापन शाखा | इ दिपकराज जोशी | |
| शिक्षा युवा तथा खेलकुद शाखा र सामाजिक सुरक्षा तथा पञ्जिकरण शाखा तथा सूचना अधिकृत | सूचना प्रबिधि अधिकृत मदन तिवारी | |

| | | |
|---|---|---|
| सडक तथा अन्य पूर्वाधार विकास इकाई र वातावरण सरसफाई तथा विपद व्यवस्थापन इकाई | सव-ई. आषिस घिमिरे | |
| भवन तथा मापदण्ड कार्यान्वयन इकाई | सब ईन्जिनियर शान्तनारायण श्रेष्ठ | |
| समाजिक तथा आर्थिक विकास शाखा | एच.ए. पूजा भट्टराई | |
| महिला बालबालिका समाजकल्याण इकाई | सहायक महिला बिकास निरीक्षक लिला लावती | |

५. सेवाको लागि लाग्ने दस्तुर र अवधी:

| मुख्य सेवाहरु | दस्तुर | अवधि |
|---|---|---|
| नक्शा पास तथा अभिलेखिकरण | नक्शा प्रति वर्ग फिट रु. अभिलेखिकरण रु. | |
| उपभोक्ता समिति दर्ता, खाता संचालन सिफारिश | रू. १०००।- | प्रक्रिया पूरा भएमा सोही दिन |
| लगत इष्टिमेट तयारी तथा स्वीकृती | नि:शुल्क | |
| योजना फरफारक, भुक्तानी | नि:शुल्क | प्रक्रिया पुरा भए सोही दिन |
| व्यवसाय दर्ता तथा नवीकरण | व्यवसायको प्रकृति र कारोवारको आधारमा | प्रक्रिया पुरा भए सोही दिन |
| गाउँपालिकाबाट हुने विभिन्न सिफारिशहरु | प्रकृतिको आधारमा फरकफरक वडापत्रमा उल्लेख भएको | प्रक्रिया पुरा भए सोही दिन |
| वडा तहबाट हुने सिफारिश (५४ प्रकारका) | प्रकृतिको आधारमा फरकफरक वडापत्रमा उल्लेख भएको | प्रक्रिया पुरा भए सोही दिन |

६. निर्णय प्रक्रिया र अधिकारी:

सभा एवं कार्यपालिकाबाट भएका निर्णयहरु कार्यान्वयनका लागि सम्बन्धीत शाखा वा इकाइबाट पेश भइ प्रमुख प्रशासकिय अधिकृतबाट अन्तिम निर्णय

योजना सम्झौता: प्रमुख प्रशासकीय अधिकृत

लगत स्टिमेट स्वीकृत: प्रमुख प्रशासकीय अधिकृत

व्यवसाय दर्ता नवीकरण: प्रमुख प्रशासकीय अधिकृत

योजना फरफारक सम्वन्धि: प्रमुख प्रशासकीय अधिकृत

नोट: अध्यक्षको निर्देशनमा गर्ने भनि तोकिएका कार्यहरु सोहि बमोजिम र अन्य तत्काल गर्नु पर्ने कुनै काम भए अध्यक्षको निर्णय र आदेश अनुसार निर्णय लिइने ।

७. उजुरी वा गुनासो सुन्ने अधिकारी:

उजुरी वा गुनासो सुन्ने अधिकारी ना.सु. दुर्गा वहादुर पन्दाक

८. सम्पादित कामको विवरण:

गाउँ सभामार्फत संशोधित नीति तथा कार्यक्रम पारित (रु.

योजना सम्झौता लगत इष्टिमेट स्वीकृत फरफारक निरन्तर हुदै संशोधित कुल योजना (२३४) सम्झौता भएका (कार्यान्वयको चरणमा रहेको)

९. सूचना अधिकारी र प्रमुखको नाम र पद:

सूचना तथा प्रविधि अधिकृत : श्री मदन तिवारी

पद: सूचना तथा प्रविधि अधिकृत

मोबाइल नं. 9849991811

ईमेल:-ito.maiwakholamun@gmail.com

१०. ऐन, नियम, विनियम वा निर्देशिकको सूची:

| सि.नं. | | पारित मिति |
|---|---|---|
| १. | विपद कोष व्यवस्थापन कार्यविधि २०७४ | मितिः २०७४।११।२५ गते |
| २. | न्यायिक कार्यविधि २०७५ | मितिः २०७५।१।५ गते |
| ३. | आधारभूत तथा माध्यमिक शिक्षा ऐन, २०७५ | मितिः २०७५।१।५ गते |
| ४. | सहकारी ऐन, २०७५ | मितिः २०७५।१।५ गते |
| ५. | गाउँपालिकाको शिक्षा नियमावली २०७५ | मितिः २०७५।१।५ गते |
| ६. | 'घ' वर्ग निर्मण व्यावसायी ईजाजत पत्र कार्यविधि | मितिः २०७५।१।५ गते |
| ७. | आर्थिक ऐन, २०७५ | मितिः २०७५।३।३२ गते |
| ८. | गाउँपालिका विनियोजन ऐन, २०७५ | मितिः २०७५।३।३२ गते |
| ९. | व्यावसाय दर्ता तथा नविकरण कार्यविधि, २०७५ | मितिः २०७५।४।२८ गते |
| १०. | करारमा कर्मचारी व्यवस्थापन गर्ने सम्बन्धि कार्यविधि | मितिः २०७५।४।२८ गते |

११. आम्दानी खर्च तथा आर्थिक कारोवारको अद्यावधिक विवरण:

आम्दानी प्रक्षेपण तर्फ

| शिर्षक | रकम | हाल सम्मको खर्च | प्रगती प्रतिशत | कैफयत |
|---|---|---|---|---|
| सङ्घीय सरकार (नेपाल सरकार) | 208823000।- | कार्यन्वयनको चरणमा रहेको | | |
| (क) वित्तिय अनुदान | 82000000।- | " | | |
| (ख) शर्शत अनुदान | 85000000।- | " | | |
| (ग) राजश्व बाँडफाड | 41823000।- | " | | |
| प्रदेश सरकार | 4314000।- | " | | |
| (क) वित्तिय समानीकरण अनुदान | 3314000।- | " | | |
| (ख) राजश्व बाँडफाड | 1000000।- | " | | |
| अनुमानित आन्तरिक स्रोत | 984500।- | " | | |
| स्रोत बाँडफाडबाट | 158000।- | " | | |
| गत आ.व.को अल्या | 11000000।- | " | | |
| सामाजिक सुरक्षा अनुदान | 14635200।- | " | | |
| एल.जि.सि.डि.पी. | | | | |
| जम्मा | | | | |

खर्च तर्फको प्रक्षेपण

| क्र.स. | खर्चको क्षेत्र | चालु | पूजीँगत | जम्मा |
|---|---|---|---|---|
| १ | गाउँपालिका | 35698140 | 50581360 | |
| २ | वडा | 0 | 46000000 | |
| ३ | विषयगत | 85000000 | 8000000 | |
| ४ | सामाजिक सुरक्षा अनुदान | 14635200 | 0 | |
| ५ | जम्मा | 1353333340 | 104581360 | 239914700 |

१२. तोकिए बमोजिमको अन्य विवरण:

........................................................

१३. अघिल्लो आ.व. मा सञ्चालित आयोजनाको विवरण:

अघिल्लो आ.व.मा सञ्चालित कुल आयोजना १९१, सम्पन्न आयोजना १९० क्रमागत १ वटा ।

१४. वेव साईट तथा ई गभर्न्यान्सका टुल्सहरुको विवरण:

यस कार्यालयमा आधिकारीक वेवसाईट, फेसबुक,(समाजिक सञ्जाल) ईमेल प्रयोग सञ्चालनमा रहेको छ र बाँकी ई-एटेन्डेन्स, डिजिटल नोटिसबोर्ड, मोबाईल एप्लिकेशनहरु प्रक्रियाको चरण रहेको छ ।

१५. वैदेशिक सहयोगको अवस्था:

कुनै प्रकारको वैदेशिक स्रोत प्राप्त नभएको ।

१६. कार्यक्रम र प्रगती विवरण

| योजनको किसिम | कुल योजना संशोधन | सम्झौता ठेक्का वन्दोवस्त भएका | सम्झौता प्रक्रियामा रहेका | सम्पन्न भएका | कैफियत |
|---|---|---|---|---|---|
| कुल योजना | २३४ | १ | ६ | | |
| पूर्वाधार | १४२ | | ६ | | |
| प्रवर्द्वनात्मा | २२ | | | | |
| लक्षित | ७० | | | | |

१७. सूचनाको वर्गीकरण र संरक्षण व्यवस्थान:

हालसम्म सूचनाको वर्गीकरण तथा संरक्षणको व्यवस्था नभएको ।

१८. सूचनाको माग सम्वन्धी निवेदन र कारवाही:

सूचनाको हक सम्वन्धी ऐनको प्रक्रियाबाट कुनै निवेदन प्राप्त नभएको ।

१९. अन्यत्र प्रकाशन हुने भए सो को विवरण:

संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयको वेवसाईटमा पनि प्रगती प्रकाशित हुने ।

गणेश अधिकारी

प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

प्रकाशन मिति २०७५।०७।१५ गते